सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अंक २१ संवत २०८१ साल चैत्र ०३ गते https://sarumaranimun.gov.np

## गाउँपालिकाको दोस्रो गाउँसभाको १६ औं अधिवेशन सम्पन्न




सरूमारानी गाउँपालिकाको दोस्रो गाउँसभाको १६ औं अधिवेशन बहुउद्देश्यीय सभाहल बड्डाँडामा सम्पन्न भएको छ । गाउँपालिकाका अध्यक्ष झग बहादुर विश्वकर्मा ज्युको सभाध्यक्षतामा सम्पूर्ण सभा सदस्यहरूको उपस्थितिमा दोस्रो गाउँसभाको १६ औ अधिवेशन (हिउदे अधिवेशन) ६ वटा कार्य सुचि उपर छलफल गरि सर्बसम्मत पारित भएको छ । जस अनुसार :समसामयिक बिषयमा छलफल तथा मन्तव्य व्यक्त ,सरूमारानी गाउँपालिकाको भाषा, सस्कृति तथा कलाको संरक्षण र विकास सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ पेश ,सरूमारानी गाउँपालिका विपद व्यवस्थापन ऐन २०७५ प्रथम संशोधन विधेयक २०८१ पेश, संशोधित योजना तथा कार्यक्रम अनुमोदनका लागि पेश ,योजना छनौट तथा बजेट विनियोजन तथा विविध बिषय उपर छलफल गरि गाउँ सभा सम्पन्न भएको छ।



## अभिमुखिकरण तालिम सम्पन्न

सरुमारानी गाँउपालिकाको कृषि विकास शाखाद्धारा सञ्चालित किसान संग गाउँ सरकार कार्यक्रम अन्तर्गत एकदिने स्थलगत कृषक समूहरुको लागि अभिमुखिकरण तालिम सरुमारानी गाँउपालिका वडा न. ५ का वडा अध्यक्ष श्री लक्ष्मी पल्ली मगर ज्यूको अध्यक्षतामा सम्पन्न भएको छ।









# कुसुण्डा भाषा सम्बन्धी राष्ट्रिय स्तरको १५ दिने आधारभूत सम्पन्न

सरूमारानीमा लोपोन्मुख कुसुण्डा भाषा सम्वन्धी राष्ट्रिय स्तरको १५ दिने आधारभुत तालिमको उद्धाटन भएको छ। सरूमारानी गाउँपालिकाको आयोजनामा गाउँपालिकाका आदरणीय अध्यक्ष झग बहादुर विश्वकर्माको अध्यक्षतामा,प्रतिनिधि सभा सदस्य माननीय सुर्य थापाको प्रमुख आतिथ्यतामा,लुम्बिनी प्रदेस सभा सदस्य माननिय तुल्सीराम शर्माको विशिष्ट आतिथ्यता,गाउँपालिकाका उपाध्यक्ष बसन्ता




खडका,प्रमुख जिल्ला अधिकारी रमा आचार्य सुबेदी ,प्युठान जिल्ला सुरक्षा निकायका प्रमुखहरू ,भाषा विज्ञ तथा सोधकर्ता उदय राज आले मगर, कुसुण्डा विकास समितिका केन्द्रीय अध्यक्ष धन बहादुर कुसुण्डा, राजनीतिक दलका प्रतिनिधिहरू, कार्यपालिका सदस्यहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, प्र.अ.हरू, गाउँपालिकाका विभिन्न विकास समितिका संयोजकहरू,वडा सदस्यहरू र ६ वटा जिल्लाका २७ जना सहभागीहरूको सहभागीतामा प्रमुख प्रशासकीय अधिकृत देविराम पाठकको स्वागतमा र प्रशासन शाखा प्रमुख लक्ष्मण आचार्यको संचालनमा "कुसुण्डा भाषा सम्वन्धि राष्ट्रिय स्तरको आधारभुत तालिम कार्यक्रम"सरूमारानी ४ स्थित बहुउद्देश्यीय सभाहल बड्डाँडामा उद्धाटन भएको छ ।उक्त कार्यक्रमको उदघाटन प्रतिनिधि सभा सदस्य माननीय सुर्य थापाले गर्नु भएको थियो । सो तालिममा प्युठान ,दाङ ,गोर्खा ,रोल्पा,सुर्खेत र तनहुँ जिल्लाका २७ जना सहभागी रहेका छन । मिति २०८१-११-१९ गते देखि शुरू भएको तालिम आगामी चैत ४ गते सम्म संचालन हुनेछ ।













# बिदाई तथा फेरि भेटौला कार्यक्रम सम्पन्न




सरुमारानी गाउँपालिकाद्वारा प्रमुख प्रशासकीय अधिकृतको बिदाई तथा फेरि भेटौला कार्यक्रम सम्पन्न ।सरुमारानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठकज्यूको एक कार्यक्रमबीच विदाई तथा फेरी भेटौला कार्यक्रम सम्पन्न भएको छ। २ वर्ष गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको पदमा रहनुभएका पाठकलाई पालिकाका अध्यक्ष झग बहादुर विश्वकर्मा, उपाध्यक्ष बसन्ता खड्का,वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु र कर्मचारीहरूले टिका, फूलमाला तथा सम्मानपत्र प्रदान गरी बिदाई गर्नुभएको हो।

फेरीभेटौला कार्यक्रममा सरुमारानी गाउँपालिकाका अध्यक्ष झग बहादुर विश्वकर्माज्यूले प्रमुख प्रशासकीय अधिकृतको रुपमा रहदा उहाँको कार्यको योगदान प्रशंसनीय रहेको तथा प्रशासनीक क्षेत्रमा मात्रै नभई विकासका अन्य क्षेत्रमा पनि प्रमुख प्रशासकीय अधिकृतको रुपमा पाठकको योगदान अतुलनीय र सकारात्मक रहेको र उहाँ कार्यरत रहदा नेतृत्वमा प्रशासनिक सुधार, नीति कार्यान्वयन तथा सेवा प्रवाहमा आएको परिवर्तनप्रति धन्यवाद व्यक्त गर्नुभएको थियो ।

त्यस्तै उपाध्यक्ष बसन्ता खड्काले प्रमुख प्रशासकीय अधिकृतको समर्पण र इमानदारिताको प्रशंसा गर्दै आगामी कार्यकालको सफलताको शुभकामना व्यक्त गर्नुभयो।त्यस्तै उहाँले हरेक कार्यालयमा पाठक जस्तो कर्तव्यबोध, ईमान्दार र लगनशील कर्मचारीको आवश्कता रहेको कुरा समेत औंल्याउनुभएको थियो । प्रमुख प्रशासकीय अधिकृत देविराम पाठकले आफ्नो कार्यकालभरि जनप्रतिनिधि, कर्मचारी तथा स्थानीयबासीबाट प्राप्त सहयोगप्रति आभार व्यक्त गर्दै सरुमारानी गाउँपालिकामा काम गर्ने अवसर पाउँदा गौरवान्वित भएको बताउनुभयो। सरुवा भई राप्ती गाउँपालिकामा गए पनि सरुमारानी गाउँपालिकासँगको सम्बन्ध सँधै कायम रहने प्रतिबद्धता व्यक्त गर्दै, उहाँले आगामी दिनमा समेत विभिन्न माध्यमबाट सहकार्यको अपेक्षा राख्नुभयो।

कार्यक्रममा विभिन्न वडाका अध्यक्षहरू, कार्यपालिका सदस्यहरू ,संघ संस्थाका प्रतिनिधिहरु लगाएत वडा ,स्वास्थ्य संस्था तथा गाउँपालिकाको कर्मचारीहरूको सहभागीता रहेको थियो ।




प्रमुख प्रशासकीय अधिकृत







सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः देविराम पाठक (९८५७८३६०२२)

सूचना अधिकारीःशिव राज न्यौपाने (९८५७८६८०२७)

**प्रकाशकः**

**सरुमारानी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**बङ्गाँडा,प्यूठान ।**

**facebook: https://www.facebook.com/SarumaraniGapa**
**website:sarumaranimun.gov.np**
**email:sarumarani2073@gmail.com**
**phone no:9857836022**